# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भलादमी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल


प. सं. ०८२/०८३
च. नं. 632

मितिः २०८२।०९।१८

**विषयः आशयपत्र / प्रस्ताव पेश गर्ने सम्वन्धि सुचना।**

प्रस्तुत विषयमा लिखु गाउँपालिकाको स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत संघिय सरकारबाट प्राप्त विशेष अनुदान कार्यक्रमको महिला लक्षित सिपमुलक कार्यक्रममा आ.व. २०८२।०८३ को लागी जिवन उपयोगी कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सोको लागी प्रतिस्पर्धाबाट योग्यता क्रम निर्धारण गरी कार्यक्रम संचालन गर्नको लागी लिखु गाउँपालिका भित्र सुचिकृत भएका संस्थाहरुको प्रारम्भिक सुची तयार गर्नुपर्ने भएकोले तपशिल बमोजिमका सर्त पुरा गरेका लिखु गाउँपालिकामा सुचिकृत भएका दर्तावाल ईच्छुक संस्थाहरले उक्त कार्यक्रम संचालनगर्नको लागी प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपुर्वको आशयपत्र / प्रस्ताव (Expression of Interest)आव्हान गरिएको व्यहोरा सम्वन्धित सबैको लागी यो सुचना प्रकाशन गरिएको छ।

__तपशिलः__

__१.पेश गर्नुपर्ने वा संलग्न हुनुपर्ने कागजात तथा शर्तहरु__

१.संस्थाको विधानमा सिप विकास तालिम, महिला तथा वालवालिकाको क्षेत्र तथा आय आर्जन क्षेत्रमा काम गर्ने उदेश्य उल्लेख भएको।
२.दर्तावाल संस्थाको आ.व २०८१.०८२ को लागी फर्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३.स्थायी प्यान नंको प्रतिलिपि।
४.लिखु गाउँपालिकामा आ.व २०८२.८३मा सुचिकृत भएको प्रमाणपत्र।
५.कर चुक्ताको प्रमाणपत्र को प्रतिलिपि।
६.संस्था दर्ता भएको अवधि न्यूनतम २ वर्ष भएको हुनुपर्ने।
७.कार्यक्षेत्रगत शर्त (TOR)उल्लेख भएको जनसक्ति भएको।



इमेलः likhu.nuwakot@gmail.com, info@likhumunnuwakot.gov.np वेवसाइटः likhumunnuwakot.gov.np

२. आशयपत्र / प्रस्ताव पेश गर्दा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामवन्दी गरी दुवै आर्थिक र प्राविधिक प्रस्ताव एउटा खाममा खामवन्दी गरी पेश गर्नु पर्नेछ।

३.आशयपत्र / प्रस्ताव आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त (TOR) प्राप्त गर्न सकिनेछ र १६ औंदिन दिनको १२ बजेभित्र यस गाउँपालिकामा आशयपत्र दर्ता गराई सक्नु पर्नेछ। र यसरी दर्ता भएका आशयपत्रहरु सोहीदिनको २ बजे देखी आशयपत्र दाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरु उपस्थितिमा यस गाउँपालिकामा खोलिनेछ। तर आशयपत्र / प्रस्ताव दाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधि हरुको उपस्थिति नभएपनी आशयपत्र खोल्न बाधा पर्ने छैन।

४. आशयपत्र / प्रस्ताव दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन माथी सि नं. २ मा तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ।

५. आशयपत्र / प्रस्ताव दर्ता गर्दा सिलबन्दी गरिएको खाम बाहिर कुन कार्यक्रम संचालन गर्नको लागि पेश गरिएको हो प्रष्ट्र खुलेको हुनुपर्नेछ । रिट नपुगेको म्याद नागी आएको कुन कार्यक्रमको लागि आशयपत्र / प्रस्ताव पेश गरिएको हो सो प्रष्ट्र नखुलेको सहि छाप र सिलबन्दी नभएको आशयपत्र उपर कुनै कारबाही हुनेछैन ।

६. तोकिएको मिति र समयभित्र पर्न आएका आशयपत्र / प्रस्ताव हरु मध्येबाट सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम मूल्याङ्कन गरी गाउँपालिकाका लागि योग्यताक्रमका आधारमा उत्कृष्ट प्रस्तावदातालाई छनौट गरी गाउँपालिकाबाट सूचना प्रकाशित गरिनेछ ।

७. विस्तृत विवरण सहितको कार्यगत शर्त (TOR), आशयपत्र / प्रस्ताव यस गाउँपालिकाको website: www.likhumunnuwakot.gov.np वा गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ ।

८. आशयपत्र/ प्रस्ताव सूचना प्रकाशित भएको मितिले माथी सिनं २ मा उल्लेख भएको समयभित्र बुझाई सक्नुपर्नेछ । E submission गरेको खण्डमा PDF Format मा पेश गरेका कागजपत्रहरु सक्कल प्रति वा प्रमाणित प्रतिलिपिहरु आशयपत्र खोलेको ५ दिन भित्र गाउँपालिकामा बुझाउनुपर्नेछ ।


इमेलः likhu.nuwakot@gmail.com, info@likhumunnuwakot.gov.np वेवसाइटः likhumunnuwakot.gov.np

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भलाद्मी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल

प. सं. ०८२/०८३
च. नं. ६३२

९.एउटै आशयपत्र / प्रस्ताव दाताले सिलबन्दी आशयपत्र र (E-submission) मध्ये कुनै एक माध्यमबाट मात्र आशय पत्र पेश गर्न सक्नेछन्। यदी दुवै प्रणाली प्रयोग गरे आशय पत्र पेश गरेका दुवै आशय पत्रहरु स्वत रद्द हुनेछन्।

१०.आशयपत्र / प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा रहनेछ। यस विषयमा थप जानकारी लिन परेमा यस गाउँपालिका फोन नं. ९८५१२५३०९९ मा फोन गर्न सकिनेछ।

११.आशयपत्र / प्रस्ताव सम्वन्धी छलफलको लागी यो सुचना प्रकाशित अन्तिम मितिले छनौट समितिको बैठक सातौं दिन या सो दिन सार्वजनिक विदा परे त्यसको भोलि पल्ट दिनको १ : बजे गाउँपालिका हलमा बस्नेछ। उक्त बैठकमा सहभागी हुन छनौट भएका आशय / प्रस्ताव पत्रदाताहरुलाई यसै सुचना बाट जानकारी गराईएको छ र पत्राचार पनी गरिनेछ।

अशोक बिष्ट

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सुचना तथा प्रविधि शाखाः सुचना गाउँपालिकाको वेबसाईटमा अपलोड गर्नुहुन।